**गा.पा अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०**

स्वीकृत मितिः २०८१।०२।०८

## सोनमा गाउँपालिका

CamScanner

स्थानीय सरकार

सोनमा गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

सोनमा,महोत्तरी

मधेश प्रदेश,नेपाल

स्थानिय राजपत्र

प्रकाशित मितिः- २०८१/११/२६ गते

कार्यक्रमको नाम :- गा० पा० अध्यक्ष संग ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०

आज्ञाले,

..............................

श्रीदेव यादव

प्रमूख प्रशासकीय अधिकृत

गा.पा अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना : जेष्ठ नागरिकहरूको स्वास्थ्य र कल्याणको प्रवर्धन गर्नका लागि गृहआधारित स्वास्थ्य सेवा कार्यक्रम तयार गरिएको हो। यो कार्यक्रमको उद्देश्य जेष्ठ नागरिकहरूलाई उनीहरूकै घरमा उच्च गुणस्तरको स्वास्थ्य सेवा प्रदान गर्नु हो, जसले गर्दा उनीहरूको स्वास्थ्यमा सुधार ल्याउन र जीवनस्तर उकास्न मद्दत गर्दछ। कार्यक्रमले आधारभूत स्वास्थ्य सेवा, रोगको रोकथाम, स्वास्थ्य सचेतना, र आपतकालीन सेवाहरूमा जोड दिन्छ। यसबाट जेष्ठ नागरिकहरूको दीर्घकालीन स्वास्थ्य र सामाजिक समावेशितामा सुधार गराउने नेपाल सरकारको नीति कार्यन्वयनका लागि जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २६ (१) मा भएको व्यवस्था बमोजिम लक्षित समुहका लागि दिईने स्वास्थ्य सेवा, सुविधा तथा प्रक्रियालाई सरल र सहज बनाउन प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी सोनमा गाउँपालिका कार्यविपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद- १ प्रारम्भिक

१. नाम र प्रारम्भ यस कार्यविधिको नाम (१), गा.पा अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(२.१) लक्षित समुह" भन्नाले सोनमा गाउँपालिका सम्पूर्ण जेष्ठ नागरिक (६० वर्ष भन्दा माथि उमेर भएका) व्यक्ति सम्झनु पर्छ ।

(२.३) "लाभग्राही" भन्नाले लक्षित समुहमा परेका औषधि उपचार बापत यातायात खर्च बेहोर्न नसक्ने गरिबीको परिचय पत्र

सोनमा गाउँपालिका बाट संचालनहुने गा.पा अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रममा सेवा लिने, यस कार्यक्रम अन्तर्गत औषधि सेवन गर्ने व्यक्ति सम्झनु पर्छ ।

(२.४) "स्थानीय तह" भन्नाले सोनमा गाउँपालिका सम्झिनु पर्छ ।

(२.५) "अध्यक्ष" भन्नाले सोनमा गाउँपालिकाको अध्यक्ष सम्झिनु पर्छ ।

(२.६) "उपाध्यक्ष" भन्नाले सोनमा गाउँपालिकाको उपाध्यक्ष सम्झिनु पर्छ ।

CamScanner

(२.७) **"प्रमुख प्रशासकिय अधिकृत" सोनमा गाउँपालिकाको सम्भि प्रमुख प्रशासकिय अधिकृत लाई सम्भिनु पर्छ ।**

(२.८) **"सेवा प्रदायक" भन्नाले, गा.पा. अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य तथा परामर्श कायकममा खटिएका स्वास्थ्यकर्मी लाई सम्भिनु पर्छ ।**

**परच्छेद -२**

गा.पा. अध्यक्षसंग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यकम प्रक्रिया

**३. कार्यकमको उदेश्य :**

- **स्वास्थ्य सेवाको पहुँच** : जेस्ठ नागरिकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- **रोगको रोकथाम :** रोग पहिचान र रोकथामका लागी नियमित स्वास्थ्य परिक्षण गर्ने र जेस्ठ नागरिकहरुको रोगको पहिचन गरि समयमै उचित परामर्श तथा प्रेशन सेवा उपलब्ध गराउनुको साथै उनिहरुले सेवन गरिरहेको औषधी उपलब्ध गराउने ।
- **जिवन सैली सुधार :** स्वस्थ जिवनसैली अपनाउने प्रेरित गर्ने ।

**४. संचालन प्रक्रिया :**

**पहिलो चरण :** कायकमको लागि चाहिने फर्म तथा अभिलेखका अनुसुची तयारि

**दोश्रो चरण :** सस्थ्यकर्मीको वेवस्थापन तथा अभिमुखिकरण

**तेश्रो चरण :** कार्यकमको समुदघाटन र प्रचार-प्रसार

**चौथो चरण :** गा.पा.अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यकम संचालन र जेस्ठ नागरिक सेवन गर्ने दिर्घ रोगको औषधीहरुको सुचि तयार

**पाचौ चरण :** आधारभुत स्वास्थ्य सेवा बाहेकका अन्य दिर्घ रोगको औषधि यस कार्यकम अर्न्गात वेवस्थापन गर्ने

**छैठो चरण :** गा.पा. अध्यक्ष संग जेस्ठ नागरिक घरदैलो स्वास्थ्य जाँच तथा परामर्श कायकम निरन्तरता र दिर्घरोगको औषधीहरु वितरण

**४.घर दैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यकम अर्न्गगत औषधी खरिद र वेवस्थापन :** प्रारम्भिक **चरणमा गा.पा.** अध्यक्ष संग जेस्ठ नागरिक घरदैलो स्वास्थ्य जाँच तथा परामर्श कायकम संचालन

गर्दा जेस्ठ नागरिकले सेवन गर्ने दिर्घ रोगको औषधिहरुको सुची तयार पारि, आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य औषधिहरु पालिकाको बजेट बाट-खरिद गरि वेवस्थापन गरिनेछ ।

**५. बजेट व्यवस्था:** स्थानीय तह, स्थानीय तहले बजेट बिनियोजन गर्दा उल्लेखित कामको लागि रकम छुट्याउनु पर्नेछ तर बजेट बिनियोजन हुन् नसक्दा बचत हुने जुनसुकै विषय बाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

**६. अभिलेख तथा प्रतिवेदन:** हरेक महिना सेवा सदुपयोग गरेको लाभाग्राहीको संख्या र औषधि वितरणको परिणाम अनुसार सेवा प्रदायकले अभिलेख तयार परि स्वास्थ्य शाखाले दिनु पर्नेछ ।

**७. अनुगमन तथा निरीक्षण:** स्थानीय तहको स्वास्थ्य हेर्ने शाखाले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् । नक्कली लाभग्रहिले सुविधा लिएको पाईएमा सम्बन्धित व्यक्ति र सिफरिसकर्ताबाट कानून बमोजिम रकम बिर्ता लिईनेछ र कानून बमोजिम कारबाही गरिनेछ ।

**८. अनुगमन समिति:**

८.१ गाउँपालिकामा गा.पा उपाध्यक्षको संयोजकत्वमा, स्वास्थ्य शाखा प्रमुख, आर्थिक प्रसाशन शाखा प्रमुख र प्रशासन शाखा प्रमुख रहने गरि एक अनुगमन समिति रहनेछ।

८.२ समितिमा आवश्यकता अनुसार जनप्रतिनिधि तथा कर्मचारी लाई आमन्त्रित गर्न सकिनेछ र अनुगमन गर्दा नियमानुसार अनुगमन भत्ता र खाजा समेत प्राप्त गर्नेछ ।

**९. लेखा परिक्षण:** लेखा परीक्षण प्रचलित कानून बमोजिम गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

**१०. पारदर्शिता कायम गर्नुपर्ने:** स्थानीय तहले सेवाग्राही र औषधि वितरणको विवरण स्थानीय तहका कार्यालय,सम्बन्धित वडा कार्यालयर वेभसाइटमा सार्वजनिक गर्नुपर्नेछ ।

**११. बाधा अड्काउ फुकाउने:** यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा स्थानीय तहले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

# सोनमा गाउँपालिका अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य कार्यक्रम

सोनमा गाउँपालिका

महोत्तरी, मधेश प्रदेश

## रेजिस्टर

वार्ड नम्बरः

CamScanner

अनुसूची २

## सोनमा गाउँपालिका अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य कार्यक्रम

| दर्ता नं: | सेवाग्राहीको नाम: | | | | | उमेर: | सम्पर्क नं: | | ठेगाना: | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कुनै रोगको उपचारमा भए | | | |
| जाँच मिति | Weight | BP | Pulse | Resp | Temp | Random Sugar Level | रोगको नाम | सेवन गरिरहेको औषधिको नाम | उपचार/ सल्लाह | कैफियत |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

CamScanner

## अनुसूची ३

# सोनमा गाउँपालिका अध्यक्ष संग जेस्ठ नागरिक घर दैलो स्वास्थ्य कार्यक्रम

### सोनमा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश

| सेवाग्राहीको नाम | | | ठेगाना | |
|---|---|---|---|---|
| दर्ता नं: | जांच गर्ने स्वास्थ्यकर्मीको विवरण | | | |
| | स्वास्थ्यकर्मीको नामः | | सम्पर्क नम्वरः | |
| जांच मिति | देखापरेको मुख्य समस्या | सल्लाह/ उपचार | फली अप मिति | स्वास्थ्यकर्मीको सहि |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

CamScanner